# नेपालगञ्ज उप महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## नेपालगञ्ज, बाँके, लुम्बिनी प्रदेश, नेपाल

**सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम यस उप महानगरपालिका बाट सार्वजनिक गरिएको सूचना विवरण**

**(मिति २०८२ कार्तिक ०१ देखि मिति २०८२ पुष मसान्त सम्मको विवरण)**

### (१) सूचना सार्वजनिक गर्ने निकाय /नेपालगन्ज उप महानगरपालिकाको स्वरुप र प्रकृतिः

नेपालगञ्ज शहर बि.सं. २०१७ सालमा नेपालगंज नगर पञ्चायतका नाम बाट स्थापना भई बि.सं. २०१९ सालमा नेपालगंज नगरपालिकाको रुपमा स्थापित भएको हो । नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७१ मंसिर १६ गतेको निर्णयबाट साविक १७ वडा रहेको नगरपालिकाको सिमाना जोडिएका वरीपरिका १० गाउँ विकास समितिहरु क्रमशः उदयपुर, भवानीयापुर, पिप्रहवा, जयसपुर, ईन्द्रपुर, खासकारकाँदो, वासुदेवपुर, मनिकापुर र पुरैना लाई गाभेर २७ वटा वडा कायम गरेकोमा मिति २०७२।०६।१ को नेपाल सरकारको निर्णयबाट साविक पुरैनी गा.वि.स.को क्षेत्र गाभेर २८ औं वडाको रुपमा कायम भएको थियो । तत पश्चात् सरकारको मिति २०७३।११।९ को निर्णय अनुसार साविकको वडा नं. २३ ईन्द्रपुरलाई जानकी गाउँपालिकामा समायोजन गरिएको र बाँकी केही साना वडाहरुको क्षेत्र एक अर्कामा मिलाई, केहीको क्षेत्र यथावत् राखी २२ वटा वडा र साविकको हिरमिनिया गा.वि.स.को वडा नं. ७ लाई उप-महानगर क्षेत्रमा गाभि उक्त क्षेत्रलाई २३ औं वडाको रुपमा कायम गरिएको छ । हाल कायम भएको वडाको जम्मा संख्या २३ रहेको छ । नेपाल सरकारको पछिल्लो निर्णय अनुसार हालको उप-महानगर कायम हुँदा यसको क्षेत्रफल ८५.९४ व.कि.मी. र कूल जनसंख्या राष्ट्रिय जनगणना, २०७८ बमोजिम १६४४४४ (पुरुष ८२,७५५ र महिला ८१६८९) रहेको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय सरकारको रुपमा नेपालगञ्ज उप महानगरपालिका रहेको छ ।

## (२) नेपालगंज उप महानगरपालिकाका काम, कर्तव्य र अधिकारः

यस उपमहानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय कानूनहरु र लुम्विनी प्रदेश कानन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानूनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं उपमहानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकारबाट निर्दिष्ट छ ।

## (३) निकायमा रहने कर्मचारी विवरणः

यस उपमहानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण तस्विर सहितको र उपमहानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम कार्यान्वयनमा रहेकोछ । यस उपमहानगरपालिकामा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण संक्षिप्तमा नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा समेत राखिएकोछ ।

## (४) यस उपमहानगरपालिकाबाट प्रदान गरिने सेवाहरुः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र लुम्विनी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं उपमहानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा नेपालगञ्ज उपमहानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## (५) यस उप महानगरपालिकाका विभिन्न महाशाखा तथा शाखाका र जिम्मेवार अधिकारीः

यस उप महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न समितिहरु, महाशाखाहरु, शाखाहरु, २३ वटा वडा कार्यालयहरु रहेका छन् । उप-महानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा उल्लेख गरिएको छ ।


## (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

यस उप-महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समय अवधी विवरण नेपालगञ्ज उप-महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगरसभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, समेतबाट निर्धारण गरिन्छ । यस संवन्धी व्यवस्था सेवाग्राहीको जानकारीका लागि नागरकि वडापत्र तथा नेपालगञ्ज उप-महानगरपलिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np मा समेत उल्लेख गरिएको छ ।

## (७) निर्णय गर्ने प्रक्रिया र अधिकारी:

यस उप महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । उप-महानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, शहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

नेपालगंज उप-महानगरपालिकाको स्वीकृत



## (८) निर्णय उपर उजुरी सुन्ने अधिकारी:

यस उप-महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट गुनासो सुनुवाईको व्यवस्था गरिएको छ ।

## (९) सम्पादन गरेको कामको विवरण:

यस उप-महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा उप-महानगरपालिकाले यस आर्थिक वर्षको **२०८२ कार्तिक १ गते देखि २०८२ पौष** मसान्त सम्म देहाय बमोजिमको कार्यहरु सम्पन्न गरेको छ :

### १) प्रशासन व्यस्थापन तथा जनशत्ति व्यवस्थापन शाखा,

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

१. कार्यालयको नियमित प्रशासनिक कामकाज
२. कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कामकाज
३. जेन-जि आन्दोलन पश्चात कार्यालय तथा कर्मचारी अभिलेख व्यवस्थापन सम्बन्धी कामकाज ।

### २) शिक्षा युवा तथा खेलकुद महाशाखा

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

- आ.व.२०८२।०८३ को बार्षिक कार्ययोजना तयार,स्वीकृत गराई कार्यान्वयनमा रहेको छ ।
- विद्यालयहरुमा सूचना प्रबिधीमैत्री शिक्षण सिकाई क्रियाकलाप सञ्चालनमा प्रोत्साहन गरिएको।
- सामुदायिक र धार्मिक विद्यालयका सवै प्रकारका शिक्षकहरु, कर्मचारीहरुको तलव मासिक रुपमा विद्यालयबाट भूत्तानी गर्ने व्यवस्था गरिएको।
- यस उ.म.न.पा.बाट शिक्षा प्रशासन सँग सम्बन्धित नियमित सेवा प्रवाह सम्बन्धीत कार्य Gen–G आन्दोलन पश्चात पनि नियमित रुपमा सुचारु गरिएको छ ।
- सायुदायिक ,धार्मिक तथा संस्थागत विद्यालयको अनुगमन सुपरिवेक्षण गरिएको छ।
- सामुदायिक र धार्मिक विद्यालयमा विद्यार्थी नियमितता तथा बालवालिका का लागि दिवा खाजा व्यवस्थापन गरिएको छ।

- शिक्षक मागमा आधारित तालिम सञ्चालन भईरहेको ।
- कक्षा ८ परिक्षा संञ्चालन तयारी भईरहेको ।

## ३) स्वास्थ्य  महाशाखा

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

१ आ.व. २०८१/८२ मा संचालित स्वास्थ्य कृयाकलापहरुको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न तथा स्वास्थ्य सुचकहरुको आधारमा उत्कृष्ट स्वास्थ्य संस्था घोषणा तथा सम्मान ।
२ निजी स्वास्थ्य संस्थाहरुको अभिलेख प्रतिवेदन सम्बन्धि समन्वयात्मक बैठक संचालन ।
३ स्वास्थ्यकर्मीहरुलाई (HIRRS/DHIS) को तालिम संचालन ।
४ स्वास्थ्य कृयाकलापहरुको डाटा भेरिफिकेशन कार्यक्रम ।
५ बिपन्न नागरिक उपचार सिफारिस (संघिय सरकार रु एक लाखको अनुदान ४० जनालाई) ।
६ बिपन्न नागरिक उपचार सिफारिस (प्रदेश सरकार रु. दुई लाखको अनुदान १४ जना) ।
७ स्तनपान सप्ताह अगस्ट १ देखि ७ सम्म संचालन ।
८ निजी स्वास्थ्य संस्था अनुगमन गरि दर्ता तथा नबिकरण भए नभएको अभिलेख अनलाईन मार्फत राखिएको ।
९ नर्सिङ कर्मचारीहरुलाई SBA तालिम संचालन ।
१० बित्तिय समानिकरण तर्फको कार्यक्रमहरुको कार्यक्रम संचालन मार्गदर्शन २०८२ स्विकृत ।
११ आ.व २०८२/२०८३ को कार्ययोजना निर्माण तथा प्रमुख प्रशासकिय अधिकृत ज्यू बाट स्वीकृत भई कार्यान्वयनमा रहेको ।
१२ नियमित रुपमा हरेक महिना मासिक समिक्षा बैठक ६ स्थानमा सम्पन्न ।
१३ पालिका स्तरिय GESI बैठक संपन्न ।
१४ औषधी खरिदको लागी ईबिडिङ मार्फत सुचना प्रकाशन गरिएको ।
१५ निजी स्वास्थ्य संस्थाहरुलाई किट जन्य रोग (औलो,डेङ्गी लगायत) हरुको डाटा ट्र्याकिङ सम्बन्धि कार्यक्रम संचालन ।
१६ प्रथम त्रैमासिकमा समपन्न गर्न पर्ने अन्य कृयाकलापहरु जेन्जी आन्दोलनको कारण सम्पन्न हुन नसकेको ।

## ४) सामाजिक गै.स.तथा साझेदारी शाखा

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

- सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनका लागि परामर्शदाता संस्था श्री बागेश्वरी असल शासन क्लव(बास) संग मिति २०८२।०७।१७ गते सम्झौता सम्पन्न भएको । प्रथम चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम मंसिर ०५ गते, वडा नं. २२ को बाबाकुटीमा १६९ जना सहभागीहरुको उपस्थितिमा ७ बुँदे प्रतिवद्धता सहित सम्पन्न भएको ।
- नेपालगञ्ज उपमहानगरपालिका र स्कील ट्रेनिङ्ग एण्ड रिसर्च कन्सल्टेन्सी प्रा.लि. विच कुक तालिम (७८ दिन, ३९० घण्टा) सञ्चालन गर्ने गरि २०८२।०९।०३ गते सम्झौता सम्पन्न भएको र उक्त सम्झौता अनुसार पौष २६ गते देखि २५ जना सहभागी प्रशिक्षार्थीहरुको सहभागितामा विहान ७:०० बजे देखि ११:३० बजे सम्म नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १२ बेलासपुरमा कक्षा सञ्चालन भईरहेको छ ।
- सामाजिक परीक्षण कार्यक्रम सञ्चालनका लागि परामर्शदाता संस्था श्री नेपाल ट्रेनिङ्ग एण्ड रिसर्च प्रा.लि.नेपालगञ्ज संग मिति २०८२।०७।१४ गते सम्झौता सम्पन्न भै कार्य प्रारम्भ भएको छ । जस अनुसार देहायका योजनाहरुको सामाजिक परीक्षणका लागि शाखाहरुसंग समन्वय गरि छनौट गरिएको छ :
  १. वडा नं. २ स्थित बागेश्वरी मन्दिर स्थित जुङ्गे महादेव मूर्ति र शिवलिङ्ग स्थापना र मन्दिर जाने पुल स्तरोन्नती
  २. वडा नं. ६ स्थित स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान (श्री फुल्टेक्रा मा.वि.को ४ कोठे भवन निर्माण) ।
  ३. वडा नं. ३ र ७ मा उच्च जोखिममा रहेका घरहरुको बीमा कार्यक्रम
  ४. एडभान्स फेसन डिजाईनर तालिम
  ५. भैंसी प्रवर्द्धन कार्यक्रम
  ६. नाला सरसफाई कार्यक्रम (दोन्द्रा नाला)
- गरिबसंग स्थानीय सरकार सञ्चालन कार्यविधि, २०८० बमोजिम लक्षित वर्गमा लगानी भई असुली हुन बाँकी मध्ये यस अवधिमा सावाँ रु २,६४,७१३।-, व्याज रु १,०९,१६७।१२ र जरिवाना रु ३९,५०२।७६ समेत कूल रु ४,१३,३८२।५२ असुली भएको छ । नगर कार्यपालिकाको मिति २०८२।०४।३० गतेको बैठकको निर्णयानुसार ७५ जनाबाट सावाँ, ब्याज र जरिवाना बापतको रकम असुलीका लागि मिति २०८२ मंसिर २६ र २८ गते, स्थानीय दैनिक नेपालगञ्ज पत्रिकामा ७ (सात) दिन भित्र भाखा नाघेको किस्ता रकम बुझाउन आउनु भनि अन्तिम पटक ऋणीको ३ (तीन) पुस्ते विवरण सहित सार्वजनिक गरि कार्यालयको पत्र समेत बुझाईएकोमा बुझाउन अटेर गरेकोले कार्यपालिकाको

निर्णयानुसार सम्मानित अदालतमा मुद्धा चलाउने प्रक्रियाका लागि यस कार्यालयका कानूनी सल्लाहकारलाई जिम्मेवारी प्रदान गरिसकिएको छ, सो बमोजिम फिरादपत्र तयारी भई मुद्धा दर्ताको प्रक्रियामा रहेको छ ।

- चालू आ.व. मा वडा नं.४ र १८ मा गरिबी निवारणका लागि लघू उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने भनि भएको निर्णयानुसार उक्त वडाको वडा कार्यालयमा क्रमश: ५५ जना र ४८ जनाको उपस्थितिमा मिति २०८२ मंसिर १ र २ गते वडाका जनप्रतिनीधि, स्थानीय सरोकारवालाहरुको उपस्थितिमा यस कार्यक्रमका वारेमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो । सो पश्चात् उल्लेखित वडामा ग्रामीण सहभागितात्मक लेखाजोखा पि.आर.ए. सम्बन्धी क्रियाकलाप सम्पन्न भईसकेको छ। सो लेखाजोखाबाट क्रमश: ३० र ३५ जना सहभागीहरुको तथ्याङ्क संकलन भएको छ । ४ वटा समूह समेत गठन भईसकेको छ । सो पश्चात् उद्यमशिलता विकास तालिम र विषयगत तालिम सञ्चालन गर्ने योजना रहेको छ ।

**<u>सामी कार्यक्रम अन्तर्गत :</u>**

- सुरक्षित आप्रवासन कार्यक्रम तर्फ इन्डेक ओरियन्टेशन कार्यक्रम बाह्र वटा इभेन्ट सम्पन्न जस्मा पुरुष २४९ र १५८ महिला गरी जम्मा ४०७ जनालाई सूचना प्रवाह गरिएको, एक पटक अनुगमन कार्यक्रम सम्पन्न, ३१ जना जनप्रतिनिधिज्यूहरुको उपस्थितिमा अर्न्तक्रिया कार्यक्रम सम्पन्न, प्रमुख जिल्ला अधिकारीज्यूसँगको कार्यक्रम सम्पन्न, २३ जना पुरुष र १६ जना महिला प्रहरी कर्मचारीहरुको उपस्थितिमा वैदेशिक रोजगारीलाई कसरी सुरक्षित, भरपर्दो र विश्वसनिय बनाउन सकिन्छ ? भन्ने विषयमा श्रीमान् नगर प्रमुख, प्रमुख जिल्ला अधिकारी र प्रमुख प्रशासकीय अधिकृतज्यूहरुको विशेष उपस्थितिमा अर्न्तक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ। वैदेशिक रोजगारीको क्रममा कामदारहरुको कुनै कारणबाट मृत्यु भएकाहरुको सम्झनामा अन्तर्राष्ट्रिय आप्रवासी दिवस मनाउने गरिन्छ सोहि सन्दर्भमा पौष ३ (१८ डेसेम्वर) गतेका दिन यस कार्यक्रम अन्तर्गत् न्यू ईन्द्रणी होटल न्यू रोडमा सो सम्बन्धि सचेतनामूलक कार्यक्रम सम्पन्न गएिको छ ।

**<u>सुचना तथा परामर्श सेवा</u>**

- बैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनका लागि सम्भावित कामदारहरुलाई श्री जिल्ला प्रशासन कार्यालय बाँकेमा यस कार्यालयको सहजीकरणमा

सञ्चालित आप्रवासी स्रोतकेन्द्र र रिट्र्नी स्वयंमसेवकबाट सूचना तथा जानकारी प्रवाह गरिएको जस्मा २३८२ जनालाई सुचना प्रवाह गरिसकेको, केश दर्ता भएको २० वटा, फोन फ्लोअप १६६ जनामा गरिसकेको छ र रिटर्नी स्वयमसेवक बाट सुचना तथा जानकारी प्रवाह गरिएको जसमा महिला १८३ र पुरुष ३०८ गरी जम्मा ४९१ जना, रिट्र्नी स्वयंमसेवकहरुबाट मृत्युको केशमा आर्थिक सहायता १ सफल भएको र केश दर्ता गर्न ल्याएका १० वटा केश मात्र ।

**वित्तिय साक्षरता तथा मनोसामाजिक कक्षा सञ्चालन**

- बैदेशिक रोजगारबाट पठाएको रकमलाई कहाँ, के कसरी बचत गर्ने, फजुल खर्च कसरी कटौती गर्ने उत्पादन क्षेत्रमा कसरी लगानी गर्ने, आम्दानीका स्रोतहरु के के हुन सक्छन् भन्ने विषयमा चाालू आ.व.का लागि छनौट भएको वडा नं. २ र २३ मा वित्तीय ज्ञान सम्बन्धि प्रत्येक हप्ताको १ दिन कक्षा सञ्चालन हुने गरि २१ हप्ता सम्म २१ दिने (सत्र) कक्षा सञ्चालनका लागि वडा नं. २ र २३ मा पूर्व प्रारम्भिक सर्वेक्षण गरि यस उपमहानगरपालिकाको २ नं. वडा कार्यालयमा मिति २०८२ मंसिर ७ गते र ८ गते वित्तीय साक्षरता कक्षा सञ्चालन गरिएको छ। सो कक्षा अन्तर्गत् वित्तीय साक्षरता कक्षा तर्फ ५ तथा मनोसामाजिक कक्षा तर्फ ४ वटा गरि जम्मा ९ वटा सेसन सम्पन्न गरिएको छ । उक्त कक्षाबाट वैदेशिक रोजागरीको सिलसिलामा विदेशमा गएकाहरुको परिवार तथा स्वदेश फर्किएका धेरै नगरवासीहरु लाभान्वित भएको छ । सो सम्बन्धी दुवै कक्षाका सहभागिहरुको आधार रेखा सम्पन्न गरी कोबो सफ्टवेयरमा समेत प्रविष्टि गरिसकेको ।
- यस अवधिमा आठवटा नयाँ केश आएको यस अघिको प्रथम त्रैमासिकमा आएका ६ वटा पुरानो केश समाधान गरि केश बन्द भएको छ ।

**धन्यवाद ।**



रिटर्नी स्वयम सेवकद्धारा परामर्श हुँदै गरिएको तस्विरहरु









<u>सार्वजनिक सुनुवाई कार्यक्रमको तस्विरहरु</u>









<u>**वडा नं. २ मा वित्तीय साक्षरता कक्षा सञ्चालन हुँदै गरेको अवस्था**</u>




<u>**वडा नं. २३ मा वित्तीय साक्षरता कक्षा सञ्चालन हुँदै गरेको अवस्था**</u>



## ५)<u>सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा</u>

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने (वडा नं.१ देखि २३) सम्मका लक्षित समुहहरु :

अन्य जेष्ठ नागरिक भत्ता (६८ वर्ष), जेष्ठ नागरिक भत्ता, जेष्ठ नागरिक एकल महिला भत्ता, विधवा भत्ता, पुर्ण अपाङ्‌ता भत्ता, अति अशक्त अपाङ्‌ता भत्ता, दलित बालबालिका भत्ता, लोपोन्मुख जाति भत्ता रहेका छन् ।

- प्रथम किस्ता अन्तर्गत
- कुल लाभग्राही संख्या: ११७६५
- विनियोजित बजेट: रु.१०,८३,७२,१४९/- (अक्षेरुपी दश करोड त्रियासी लाख बहत्तर हजार एक सय उन्पचास मात्र ।)
- EFT मार्फत सामाजिक सुरक्षा भत्ता वितरण भई सकेको छ ।
- दोस्रो किस्ता अन्तर्गत
- कुल लाभग्राही संख्या:११९७४
- विनियोजित बजेट: रु.१०,९८,८५,७४४/- (अक्षेरुपी दश करोड अठानब्बे लाख पचासी हजार सात सय चौवलिस मात्र ।)
- EFT मार्फत सामाजिक सुरक्षा भत्ता वितरण भई रहेको छ ।

नोट: भुक्तानी सफल संख्या: ११२८१

भुक्तानी असफल संख्या: ६७४ रहेको छ ।

विद्यालयमा सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ:

- विनियोजित बजेट: १,५०,०००/-
- वास्तविक खर्च: १,४३,९९८.१०/-
- कैफियत: छनौटमा परेका ५ वटा विद्यालयहरुमा कार्यक्रम सम्पन्न भएको छ ।

अन्य:

- वार्षिक कार्यान्वयन कार्ययोजना तयार गरी स्वीकृत भएको ।
- जेन-जी आन्दोलनमा भएको क्षतिको प्रतिवेदन तयार परी पेश गरिएको ।

## ६) सहकारी शाखा

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

| क्र.सं. | विवरण | कार्यक्रम कार्यन्वयनको अवस्था | विनियोजित बजेट |
| --- | --- | --- | --- |
| १ | सहकारी संस्थाका लेखा सुपरिवेक्षण समितिका लागि तालिम | सम्पन्न भएको | १००००0.00 |
| २ | सहकारी संस्थाको कोष व्यवस्थापन र परिचालन सम्बन्धी अभिमूखिकरण | सम्पन्न भएको | १००००0.00 |
| ३ | सहकारी व्यवस्थापन तथा नेतृत्व विकास तालिम | सम्पन्न भएको | 200,000.00 |

अन्य सहकारी संस्थाका श्रेष्ता कायम गर्न सहकारी संस्थाहरुलाई सुचना जारी गरिएको ।

## ७) रोजगाार सेवा केन्द्र

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

मुख्य क्रियाकलापहरुः-

१. वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवा अन्तर्गत, १ जना बिरामी अंगभंग र १ जना परिवार स्वास्थ्यको लागि सहजीकरण गरिएको ।

२. वैदेशिक रोजगारीको लागि ८३ जनाको श्रम स्वीकृतिको सहजीकरण गरिएको ।

३. महिला लक्षित क्लबको ३० ओटा बैठक संचालन भएको ।

४. वैदेशिक रोजगार सन्तति छात्रवृत्तिको लागि आवेदन संकलन तथा FEWIMS मा प्रविष्टि ।

५. निर्देशक समितिको बैठक संचालन १ पटक ।

## ८) भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखा

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

| सि.नं. | २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म | जम्मा संख्या |
|---|---|---|
| १ | दर्ता | १६८ |
| २ | प्लिन्थ लेभल | ८१ |
| ३ | सुपर स्ट्रक्चर | ९५ |
| ४ | सम्पन्न | ६७ |
| ५ | अभिलेखीकरण | ६३ |
| ६ | नक्सा संसोधन | २७ |
| ७ | नक्सा नामसारी | ३१ |

## ९) नगर प्रहरी शाखा

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

| क्र.सं. | प्रगती विवरण |
|---|---|
| १ | सुर्खेतरोडको धम्बोझी स्थित बिहानको समयमा फुटपाथ सडक बाटोमा लाग्ने तरकारीहरुलाई हटाउँन नगर प्रहरीको ड्यूटी खटाउँने कार्य गरिएको । |
| २ | वि.पी.चोक देखि धम्बोझी चोकसम्म दुबैतर्फ फुटपाथ तथा बृक्षारोपण कार्यक्रमको लागि सडक सिमा भित्र भएका संरचना हटाउँने सूचना दिने तथा मार्किङ गर्नको लागि यस कार्यालयको प्राविधिक टिम संगको समन्वयमा मार्किङ गर्ने कार्य गरिएको । |
| ३ | वि.पी.चोक देखि धम्बोझी चोकसम्म सडक सीमा अतिक्रमण हटाउने सम्बन्धी सूचनाको लागि माईकिङ गर्ने कार्य गरिएको । |
| ४ | नेपालगन्ज उपमहानगरपालिका कार्यालय अगाडी सुर्खेत रोड स्थित संचालन भएको ११ औं धारा म्याराथन प्रतियोगितामा ड्यूटी गर्ने कार्य गरिएको । |
| ५ | वि.पी.चोक देखि धम्बोझी चोकसम्म दुबै तर्फ फुटपाथ तथा बृक्षारोपण कार्यक्रमका लागि यस नेपालगन्ज उप-महानगरपालिकाको कार्यालयबाट पटक पटक सीमा क्षेत्र भित्र पर्ने संरचना हटाउँनका |

| | |
|---|---|
| | लागि सूचना गर्दा समेत नहटाएका संरचनाहरु हटाउँने कार्यक्रममा सुरक्षा प्रबन्ध गर्ने कार्य गरिएको । |
| ६ | नेपालगन्ज उपमहानगरपालिका कार्यालय अगाडी सुर्खेत रोड स्थित संचालन भएको आठौ मेयर कप साईकल प्रतियोगीतामा ड्यूटी गर्ने कार्य गरिएको । |
| ७ | नेपालगन्ज उप-महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेका ई-रिक्साहरुलाई व्यवस्थापन गर्नका लागि ट्राफिक प्रहरीको समन्वयमा नगर प्रहरीको टिमले चेकजाँच गर्ने कार्य गरिएको । |
| ८ | जाडो तथा शितललहरको समयमा नगरका विभिन्न चोकहरु,संघसंस्थाहरुमा दाउरा वितरण गर्ने कार्य गरिएको र वडा नं.१ देखि वडा नं. २३ सम्मका वडा कार्यालयहरुले दाउरा लग्ने हुँदा दाउँरा राखिएको ठाउँ जिल्ला प्रशासन कार्यलयमा आवश्यक सहयोग सुरक्षाको लागि ड्युटी खटाइएको । |
| ९ | ई रिक्सा व्यवस्थापन गर्नका लागि चेकजाँच गर्ने क्रममा नियन्त्रणमा लिइएका ई रिक्साहरुलाई जिल्ला प्रशासन कार्यालयको परिसरमा होल्डिङ गरी राखिएको र ई रिक्साको सुरक्षाको लागि रातीको समयमा समेत<br><br>ड्यूटी खटाइएको । |
| १० | नेपालगन्ज उपमहानगरपालिका वडा नं.१८ सडक डिभिजन कार्यालय परिसरमा संचालन भएको आठौं प्रादेशिक घरेलु,कृषि,सूचना प्रविधि,पर्यटन तथा औद्योगिक प्रदर्शनी एवम् व्यापार महोत्सवमा ड्युटी खटाइएको । |
| ११ | नगरपालिका अगाडी सुर्खेतरोडमा तरकारीका ठेला लगायत अन्य ठेलागाडाहरुले बाटो अस्तव्यस्त बनाउँने हुँदा साँझ ५ बजे देखि ७ बजेसम्म ड्यूटी खटाउँने कार्य गरिएको । |
| १२ | बजार भित्र म्याद नाघेका ब्यानरहरु हटाउँने कार्य गरिएको । |
| १३ | सेवाग्राहीले यस कार्यालयमा दर्ता गराएको लिखित निवेदन तथा मौखिक उजुरी उपर स्थलगत निरीक्षण गरी आवश्यक कारबाहीको लागि प्रतिवेदन लेखन गरी सम्बन्धित शाखामा पठाईएको । जस मध्ये कानुन शाखामा ३४ वटा र नापी शाखामा २९ वटा गरी जम्मा ६३ वटा उजुरीहरुको कार्य सम्पादन गरिएको । |
| १४ | सार्वजनिक आवागमनमा बाधा पुर्‍याई रहेका निर्माण सामाग्री तथा पसल व्यवसायबाट भएको अवरोधहरु दैनिक स्थलगत रुपमै गई हटाउँने कार्य गरिएको । |
| १५ | नेपालगन्ज उप-महानगरपालिकाको कार्यालयले तोकेका अन्य कार्यहरु गरिएको । |

**आ.व.२०८२/२०८३ को दोस्रो त्रैमासिकमा नगर प्रहरी शाखाबाट अनुगमन तथा सेवाग्राहीले दिएको निवेदन उपर कार्य सम्पादन गरिएको जम्मा संख्या ।**

| महिना | सेवाग्राहीको उजुरी निवेदनको संख्या | आवश्यक कारबाहीको लागि सम्बन्धित शाखालाई प्रतिवेदन लेखी पठाईएको संख्या | कैफियत |
|---|---|---|---|
| कार्त्तिक | १९ | १९ | |
| मंसिर | ३३ | ३३ | |
| पुस | ११ | ११ | ६३ वटा प्रतिवेदन मध्ये २९ वटा प्रतिवेदन नापी शाखामा र ३४ वटा प्रतिवेदन कानुन शाखामा आवश्यक कारबाहीको लागि पठाइएको । |
| **जम्मा =** | **६३** | **६३** | |

**आ.व.२०८२/२०८३ को दोस्रो त्रैमासिकमा नगर प्रहरी शाखाबाट बजार अनुगमन गर्दा सडक नालापेटी माथी राखिएका व्यवसायिक प्रयोजनका सामाग्रीहरु नियन्त्रणमा लिई फिर्ता गर्दा चेतावनी स्वरुप गरिएको जम्मा जरिवानाको विवरणहरु ।**

| **क्र.सं.** | **महिना** | **संख्या** | **जरिवाना रकम रु.** | **कै.** |
|---|---|---|---|---|
| १ | मंसिर | १ | १००।- | |
| २ | पुस | २१ | २८००।- | |
| | **जम्मा =** | **२२** | **२९००।-** | |

**आ.व.२०८२/२०८३ मा नेपालगन्ज उपमहानगरपालिका क्षेत्र भित्र संचालनमा रहेका ई-रिक्साहरुलाई चेकजाँच गरी नियन्त्रणमा लिईएको,फिर्ता गरिएको र बाँकी रहेको हालसम्मको विवरणहरु ।**

| **क्र.सं.** | **नियन्त्रणमा लिईएको संख्या** | **फिर्ता गरिएको संख्या** | **बाँकी संख्या** | **कै.** |
|---|---|---|---|---|
| १ | **४७४** | **४६६** | **८** | |

**नगर प्रहरी शाखाको लागि बिनियोजन भएको बजेटबाट जिन्सी शाखाद्वारा खरिद भएको सामाग्रीहरुको विवरण ।**

| क..सं. | खर्च शिर्षक | संख्या | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १. | Laptop | १ | जिन्सी शाखाद्वारा खरिद । | |
| २ | Photocopy machine | १ | जिन्सी शाखाद्वारा खरिद । | |
| ३ | C.P.U. | १ | जिन्सी शाखाद्वारा खरिद । | |
| ४ | Office Table | २ | जिन्सी शाखाद्वारा खरिद । | |
| ५ | Daraz | २ | जिन्सी शाखाद्वारा खरिद । | |
| ६ | File Rack Daraz | २ | जिन्सी शाखाद्वारा खरिद । | |
| ७ | Trolly Speaker | १ | जिन्सी शाखाद्वारा खरिद । | |

## १०) वातावरण तथा सरसफाई शाखा

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

१. नगरको वास क्षेत्रलाई थप प्रभावकारी बनाउन दैनीक रुपमा अवश्यक सरसफाइ गर्दै गरिरहेको ।
२. नगर भित्र रहेको सुर्खेत रोड अन्तरगत लगाईएका रुख बिरुवाहरुको रेख देख र संरक्षण नियमित रुपमा भै रहेको ।
३. नगर भित्र व्यवारिसे लाश र मृत्यु भएका छाडा चौपायाहरुको व्यवस्थाप भएको ।

## ११) कानून शाखा

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

| क्र.सं. | मिति | वडा नं. | प्रथम पक्ष | दोश्रो पक्ष | उजुरीको विषय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०८२-०७-२७ | ४ | नेपाल पत्रकार महासंघ, बाँके शाखा | विनोद लोध समेत | अतिक्रमण हटाई जग्गा संरक्षण गरिदिन सम्बन्धमा | निर्णय २०८२।०८।२६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | २०८२-०७-३० | १ | सब्बीर खाँ | रोशन कुमार गुप्ता | रोक्का सम्बन्धमा | प्रक्रिया |
| ३ | २०८२-०८-०४ | १३ | मेनका शाह | किरन कश्यव | घर भाडा दिलाई घर खाली गराई पाऊ | प्रक्रिया |
| ४ | २०८२-०८-०४ | १९ | माँ वैष्णो देवी आयल ट्रेडर्स | जामिर अलि अन्सारी | आवश्यक कारवाही सम्बनधमा | प्रक्रिया |
| ५ | २०८२-०८-०५ | २२ | समीर सिद्दिकी | सुग्गी खाँ | निर्माण कार्य रोक्का राखी आ.का.गरि पाऊ | प्रक्रिया |
| ६ | २०८२-०८-१० | १ | नेपाल पुर्व प्रहरी संगठन , बाँके | राज कुमार गुप्ता | आवश्यक कार्यवाही सम्बन्धमा | प्रक्रिया |
| ७ | २०८२-०८-१० | ११ | नुर मोहम्मद जसगढ | लाल मोहम्मद अजसगढ | आवश्यक कारवाही गरि अतिक्रमण हटाई पाऊ | प्रक्रिया |
| ८ | २०८२-०८-१६ | ४ | खुस्बु कुमारी गुप्ता | दिपक प्रसाद बनिया समेत | दा.खा. सम्बन्धमा आवश्यक कारवाही गरि पाऊ | प्रक्रिया |
| ९ | २०८२-०८-१७ | ११ | नुर अलि जसगढ | एकराम अन्सारी | कारखाना हटाई पाऊ | प्रक्रिया |
| १० | २०८२-०८-१७ | ३ | अलि अहमद दर्जी | सन्तोष कनोजिया | आवश्यक कारवाही सम्बनधमा | प्रक्रिया |
| ११ | २०८२-०८-२१ | १४ | चेत राम चमार | सेमावती चमार समेत | जग्गा छुट्टयाई नापी गराई पाऊ | प्रक्रिया |
| १२ | २०८२-०८-२१ | ६ | गौरी बोहोरा समेत | ज्वाला प्रसाद मौर्य समेत | बाटो खुलाई पाऊ | प्रक्रिया |
| १३ | २०८२-०८-२१ | ८ | मुबारक अलि बेहना | गुड्डु खाँ | ट्वाईलेटको फोहोर खसाउने कार्य बन्द सम्बन्धमा | प्रक्रिया |
| १४ | २०८२-०८-२२ | १९ | तिली दमाई | होमनाथ दहाल समेत | जग्गा रोक्का राखी आ.का. गरि पाऊ | प्रक्रिया |
| १५ | २०८२-०८-२९ | १२ | कृष्णा रावल | मोहित कुमार गुप्ता | घर खाली गराई भाडा दिलाई पाऊ | प्रक्रिया |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | २०८२-०९-०१ | १ | रजनिस सोनी | गंगा घर्ती | अवैध कब्जा हटाई पाऊ | प्रक्रिया |
| १७ | २०८२-०९-०२ | १० | यज्ञश्वर वली समेत | पुनम नेपाली परियार | निर्माण कार्य रोक्का राखी बाटो खुलाई पाऊ | प्रक्रिया |
| १८ | २०८२-०९-०८ | २० | सिता देवी पाण्डे | मनमाया श्रेष्ठ | रोक्का सम्बन्धमा | प्रक्रिया |
| १९ | २०८२-०९-०८ | ५ | अमित कुमार वैश्य | राजेन्द्र खटिक | घर खाली गराई पाऊ | प्रक्रिया |
| २० | २०८२-०९-२४ | ५ | किस्मतुलनिश हल्वाई | रमजान हल्वाई समेत | न्याय दिलाई पाऊ | प्रक्रिया |
| २१ | २०८२-०९-२९ | ९ | रियाज ढपाली | जानिबाकर रंगरेज | घर निर्माण कार्य रोक्का गरि पाऊ | प्रक्रिया |

## १२) पशु शाखा

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

१. गाई/भैसीपालन सम्बन्धी ३ दिने तालिम ।

२. बाख्रापालन सम्बन्धी ३ दिने तालिम ।

३. कुखुरापालन सम्बन्धी ३ दिने तालिम ।

४. रेविज रोग नियन्त्रण कार्यक्रम (३६४ सामुदायिक कुकुरमा भ्याक्सिनेसन/महिला स्वास्थ्य स्वंयमसेविकाहरुसँग अन्तरक्रिया गोष्ठ/कृषकपशु प्राविधिक तथा सरोकारवालाहरु सँग अन्तरक्रिया गोष्ठी /रेविज रोग नियन्त्रण सम्बन्धि विद्यालय शिक्षा कार्यक्रम) ।

५. गाई/भैसी स्रोत केन्द्र कार्यक्रमको सूचना प्रकाशन ।

## १३) कृषि शाखा

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

- कृषि पहुपंक्षी तथा मत्स्य तथ्यांक अध्याबधिक कार्यक्रम अन्तर्गत नेपालगंज वडा नं. १९,२० र २१ मा डाटा संकलन कार्य सम्पन्न गरी संघिय कृषि बिकास मन्त्रालय वेवसाइटमा ४७४ घरधुरीको इन्ट्री गरिएको ।

- हिउँदे तरकारि बालि खेति सम्बन्धि पालिका स्तरिय ३ दिने २ वटा तालिम संचालन गरिएको । प्रति तालिम १५ जना सहभागि तालिममा ३० जना कृषकहरुले तालिम प्राप्त गरेको ।
- राष्ट्रिय कृषि आधुनिकिकरण परियोजना अन्तर्गतको आ.व. २०८२।०८३ मा संघिय सरकारबाट हस्तान्तरित च्याउ पकेट विकास कार्यक्रम संचालनका लागि ३० दिने सुचना प्रकाशन गरिएको ।
- कृषि सगँ सम्बन्धित १ दिने घुम्ति स्थलगत तालिम नेपालगन्ज वडा न १६,१७ र २१ मा संचालन गरिएको ।
- संघिय सरकारबाट हस्तान्तरित शसर्त बजेट अन्तर्गतको चैते धान प्रवर्द्धन कार्यक्रम संचालनका लागि आवेदन माग संकलनका लागि ७ दिने सुचना प्रकाशन गरिएको ।
- कृषि शाखाबाट ५० प्रतिशत अनुदानमा च्याउको बीउ कृषकहरुलाई निरन्तर वितरण गरिदैं आएको ।
- राष्ट्रिय कृषि आधुनिकिकरण परियोजना अन्तर्गतको आ.व. २०८१।०८२ स्थापना भएको तरकारी पकेटको निरन्तरताको लागि प्रक्रियामा रहेको ।

## १४) राजस्व व्यवस्थापन शाखा

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

- मिति २०८२ कार्तिक-२०८२ पौष सम्म शिर्षक अनुसार राजस्व संकलन बिवरण

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम |
|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | १,७७,५०,१९४.७६ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ८५५.०० |
| ३ | ११३१७ | वहाल कर | १,३९,८९,७९७.८८ |
| ४ | ११४५१ | सवारी साधन कर (साना सवारी) | १,७८,६७०.०० |
| ५ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | १२,१९,९०६.०० |
| ६ | ११६९१ | अन्य कर | ५२,७०६.९७ |
| ७ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३४,००,५८५.४३ |
| ८ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ९,६६८.३५ |
| ९ | १४२१६ | निजी धारा वापतको शुल्क | २,०१०.०० |

| | | | |
|---|---|---|---|
| १० | १४२१८ | विद्युत सेवा शुल्क | २,५३,१५३.८६ |
| ११ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १६,६७,७९३.५६ |
| १२ | १४२२१ | न्यायिक दस्तूर | २७,७०४.०० |
| १३ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ६,२४,९७०.०० |
| १४ | १४२४१ | पार्किङ्ग शुल्क | ४१,६२,३८१.०० |
| १५ | १४२४२ | नक्सापास दस्तुर | ८१,२९,७७५.२० |
| १६ | १४२४३ | सिफारिश दस्तुर | २६,७९,६७१.६५ |
| १७ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४,५८,०४०.०० |
| १८ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३१,५२०.०० |
| १९ | १४२४९ | अन्य दस्तुर | १,३५,८०८.०० |
| २० | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३६,६७,४७०.०० |
| २१ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | १,६४,६९०.०० |
| २२ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | २,०००.०० |
| २३ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ४५०.०० |
| २४ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १०,२२,५४२.२५ |
| २५ | १४५२९ | अन्य राजस्व | २,३०,४८३.६० |
| २६ | १५१११ | बेरूजू | १,७७,९९६.०० |
| २७ | ३३३४२ | मनोरञ्जन कर | २७,५१,११८.४५ |
| २८ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | २५,०००.०० |
| जम्मा | | | ६,२८,१६,९६१.९६ |

## १५) विद्युत शाखा

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

यस दोस्रो त्रैमासिक अवधिमा यस इकाईले नगरको उज्यालो व्यवस्थापन, भौतिक संरचनाको मर्मत र प्राविधिक सेवा प्रवाहमा देहाय बमोजिमका कार्यहरू सम्पन्न गरेको छः

- नगर उज्यालो कार्यक्रमः नेपालगञ्जका मुख्य चोकहरूमा रहेका हाई-मास्ट लाइट ( High–mast) र विभिन्न वडाका स्ट्रीट लाइटहरूको प्राविधिक परीक्षण गरी बिग्रिएका बत्तीहरू मर्मत गरिएको तथा रणनीतिक स्थानहरूमा नयाँ बत्ती जडान गरी रात्रिकालीन प्रकाश व्यवस्थालाई चुस्त बनाइएको छ।
- राजस्व एवं मिटर व्यवस्थापनः पालिका अन्तर्गत रहेका भाडाका सटरहरूको विद्युत् खपतको यकिन गर्न नियमित मिटर रिडिङ गरी अभिलेख अद्यावधिक गरिएको छ।

साथै, ती सटरहरूमा देखिएका विद्युतीय समस्याहरूको तत्काल मर्मत गरी सेवा सुचारु राखिएको छ।

- गुनासो सम्बोधन: नागरिक तथा वडास्तरबाट प्राप्त विद्युतीय अवरोध सम्बन्धी गुनासोहरूका आधारमा प्राविधिक टोलीलाई तत्काल कार्यस्थलमा खटाई वा स्वयं उपस्थित भई समस्या समाधान (Spot Repair) गरिएको छ।
- क्षतिग्रस्त संरचनाको एस्टिमेट: गेन-जी आन्दोलनका क्रममा क्षति पुगेका वा जलेका पालिकाका भवनहरूको सूक्ष्म अध्ययन गरी ती संरचनामा विद्युत् पुनःस्थापनाका लागि आवश्यक पर्ने विद्युतीय लागत अनुमान (Electrical Estimate) तयार पारिएको छ।
- संस्थागत विद्युतीकरण: पालिका अन्तर्गतका विभिन्न भवनहरूमा नयाँ लाइन विस्तार, कार्यालयका आवश्यक शाखाहरूमा थप विद्युत् जडान र पुराना वायरिङहरूको सुरक्षा जाँच गरी कार्यवातावरणलाई सुरक्षित बनाइएको छ।

## १६) सूचना तथा संचार प्रविधि शाखा

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

१) नेपालगञ्ज उप-महानगरपालिकाको मुख्य सडक पोलहरुमा रहेका पुराना तारहरु मिलाउने कार्य (वि.पि चोक देखि कारकान्दौं) सम्म सम्पन्न तथा बाँकी अन्य ठाँउहरुको भईरहेको ।

## १७) भूमि व्यवस्थापन शाखा

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

भूमि व्यवस्थापन नापी तथा शाखाको मङसिर, पुष र माघ  महिनाको प्रग
विवरण

१. घरनक्सा सम्बन्धी कार्यको फिल्ड- १५० वटा
२. जग्गा विवादको फिल्ड- १५ वटा
३. बाटो रेखांकन- १० वटा
४. सरकारी तथा सार्वजनिक जग्गाको रेखांकन- ५ वटा
५. घर बाटो प्रमाणित- ३० वटा

## १८) विपद व्यवस्थापन शाखा

- विषयगत क्षेत्र शिक्षा,स्वास्थ्य, अस्थायी आवास,खानेपानी तथा सरसफाई र संरक्षण क्षेत्रको छुट्टाछुट्टै बैठक र विषयगत क्षेत्रको बैठक सम्पन्न
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक कार्याशाला तथा टेवुलटप सिमुलेसन कार्यक्रम सम्पन्न
- व्यवसायीक निरन्तरता योजना अद्यावधिक सम्वन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न
- भूकम्प सूरक्षा दिवसका अवसरमा समुदायमा आधारित कृत्रिम घटना अभ्यास कार्यक्रम सम्पन्न
- सामुदायिक विपद् प्रतिकार्य स्वयमसेवकहरुकालागि प्राथमिक उपचार सम्वन्धि तालीम

## १९) वारुणयन्त्र शाखा

**त्रीमासिक संक्षिप्त प्रगति विवरण २०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्त सम्म**

**कार्तिक महिनामा आगलागीको बिबरण फारम**

| सि. नं. | आगलागी भएको मिति | आगलागी सुचना प्राप्त समय | आगो निभाउन | | आगलागीको बिबरण (स्थान, कारण, किसिम) | अन्दाजी क्षति बिबरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रस्थान समय | लागेको समय | | धन | जिन्सी | चौपाया | |
| १ | २०८२।७।१ | राति २१:५५वजे | राति २२:००वजे | राति २२:३० सम्म ३० मिनेट | नेपाालगंज उप महानगर पालिका वडा नं. २ स्थित बहिद हुसन हलवाईको घरमा बच्चाहरुले पडका पड्काउंदा आगलागी भएको खबर स्थानिय व्यक्तीबाट प्राप्त हुनासाथ दमकल सहित फायर फायटिङ्.ग टिम गई आगलागी नियन्त्रणमा सहयोग गरेको । | | Y | | |
| २ | २०८२।७।५ | दिउसो ११:५५वजे | दिउसो १२:००वजे | दिउसो १३:३० सम्म १ घण्टा ३० मिनेट | नेपाालगंज उप महानगर पालिका वडा नं. २० नयांबस्ती स्थित कुमार शाहको नर्सरी (बगैचा)मा आगोलागी भएको खबर नगर प्रमुखबाट प्राप्त हुनासाथ दमकल सहित फायर फायटिङ्.ग टिम गई आगलागी पुर्णरुममा नियन्त्रण गरेर फर्केको । | | Y | | |
| ३ | २०८२।७।१० गते | दिउसो १४:३५ वजे | दिउसो १४:४० बजे | दिउसो १७:५५ सम्म (३ घण्टा १५ मिनेट) | नेपालगंज उप-महानगरपालिका वडा नं.२१ पुरैना स्थित प्रकाश कुमार रानाले सचालन गरेको एभरेष्ट ढोका उद्योगमा अचानक आगलागी हुंदा प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई | | Y | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आगलागी नियन्त्रण गरेर फर्केको । आगोलागीबाट उद्योगमा रहेको काठको चिरान फन्टी र फ्रेम जलेर क्षति भएको । | | | | |
| ४ | २०८२।७।११ | राति २३:४५वजे | राति २३:५०वजे | राति ०१:५० सम्म २ घण्टा | नेपालगंज उप महानगर पालिका वडा नं. २ पुष्पलाल चोक नजिक सजय गुप्ताको घरमा महेन्द्र थापाले सचालन गरेको पन्चकोशी इन्टरनेशनल ट्रेड सेन्टरमा राति अचानक विधुत लाइन सर्ट भइ आगलागी हुदा प्रहरीबाट खबर प्राप्त हुनासाथ दुवै दमकल सहित फायर फायटिङ्.ग टिम गई आगलागी पूर्णरुपमा नियन्त्रण गरेको । आगलागीबाट विभिन्न सामानहरु जलेर क्षती भएको । | | | | |
| ५ | २०८२।७।१५ गते | राति २०:५५ वजे | राति २१:०० वजे | राति २२:१५ सम्म (१ घण्टा १५ मिनेट) | नेपालगंज उप-महानगरपालिका वडा नं.१० भृकुटीनगर स्थित परशु राम चौधरीको घरमा भाडामा रहेको सुशान्त बिजुली भण्डार ईलेक्ट्रोनिक पसलमा अचानक बिधुतको तार सर्ट भई आगलागी हुंदा प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको । आगोलागीबाट पसलमा रहेको ईलेक्ट्रोनिक सामानहरु जलेर क्षति भएको । | | Y | | |
| ६ | २०८२।७।१६ गते | बिहान ०४:१० वजे | बिहान ०४:१५ वजे | बिहान ०५:०५ सम्म ( ५० मिनेट) | नेपालगंज उप-महानगरपालिका वडा नं.१८ कारकादो सडक विभागको नजिक रहेको जय सिताराम ट्रेडर्स कवाड पसलमा रहेको पुरानो कवाड जे.सि.भिमा आगलागी हुंदा प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको । आगोलागीबाट पुरानो कवाड जे.सि.भि. जलेर क्षति भएको । | | | | |
| ७ | २०८२।७।२८ गते | राति २२:४० वजे | राति २२:४५ वजे | राति ००:४० सम्म (१ घण्टा ५५ मिनेट) | नेपालगंज उप-महानगरपालिका वडा नं.१७ स्थित लक्कुश धोवीको के.के.पोल्ट्री फर्ममा आगलागी हुंदा स्थानिय व्यक्तिबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेको । आगोलागीबाट फुसको छाना भएको कच्ची पोल्ट्री फर्म जलेर क्षती भएको । | | | | |

## मंसिर महिनामा आगलागीको बिबरण फारम

| सि. नं. | आगलागी भएको मिति | आगलागी सुचना प्राप्त समय | आगो निभाउन | | आगलागीको बिबरण (स्थान, कारण, किसिम) | अन्दाजी क्षति बिबरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रस्थान समय | लागेको समय | | धन | जिन्सी | चौपाया | |
| १ | २०८२।८।४ | साझ १९:३७ वजे | साझ १९:४० वजे | साझ २०:०५ सम्म २५ मिनेट | नेपालगंज उप महानगर पालिका वडा नं. १२ वडा कार्यालय नजिक रोडमा रहेको बिधुत ट्रान्सफरमा आगलागी भएको खबर स्थानिय व्यक्तीबाट प्राप्त हुनासाथ दमकल सहित फायर फायटिङ्ग टिम गई आगलागी नियन्त्रणमा सहयोग गरेको । | | Y | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | २०८२।८।५ | दिउसो १५:०० बजे | दिउसो १५:०५बजे | दिउसो १५:५० सम्म ४५ मिनेट | नेपालगंज उप महानगर पालिका वडा नं. १४ भवानिपुर स्थित नर्सिङ्ग होमको नर्सरी (बगैचा) मा रहेको कवाडि सामानहरुमा आगोलागी भएको खबर स्थानिय व्यिक्ति बाट प्राप्त हुनासाथ दमकल सहित फायर फायटिङ्.ग टिम गई आगलागी नियन्त्रण मा सहयोग गरेको । | | Y | | |
| ३ | २०८२।८।८ | राति १४:३५ वजे | राति १४:४० बजे | राति १७:५५ सम्म (३ घण्टा १५ मिनेट) | नेपालगंज उप-महानगरपालिका वडा नं.१० गणेशमान चोक स्थित केशव प्रसाद प्रसाइको घरमा रेमन्त मल्ल शर्माले भाडामा लिइ रितु ट्रेड सेन्टरको जुत्ता स्टोर गरि राखेको कच्ची घरमा अचानक आगलागी हुंदा प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण मा सहयोग गरेको आगोलागीबाट कच्ची गोदाम घर र त्यहा रहेका जुत्ता जलेर क्षति भएको । | | Y | | |
| ४ | २०८२।८।१३ गते | राति ००:३५ वजे | राति ००:४० वजे | राति ०१:५० सम्म (१ घण्टा १० मिनेट) | नेपालगंज उप-महानगरपालिका वडा नं.१४ बालेगाउं स्थित छोट्कन बागबानको अलि एण्ड हाम्रो अटो पार्टसमा अचानक बिधुतको तार सर्ट भई आगलागी हुंदा प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको । आगोलागीबाट मोटर साईकल, वासिङ्ग मेसिन तथा अन्यबिभिन्न सामानहरु जलेर क्षति भएको । | | Y | | |
| ५ | २०८२।८।१७ | दिउसो १२:१५वजे | दिउसो १२:२०वजे | दिउसो १३:१० सम्म ५० मिनेट | जानकी गाउ पालिका वडा नं.३ इन्द्रपुर स्थित इकवाल अहमद अन्सारी अध्यक्ष रहेका सिद्रा इन्टरनेशनल प्रा लि मा बिधुतको तार सर्ट भई आगलागी हुंदा स्थानिय व्यक्तिबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको । आगलागिबाट सामान्य क्षति भएको । | | Y | | |
| ६ | २०८२।८।२२ | साझ १७:५० बजे | साझ १७:५३ बजे | साझ २१:०० सम्म (३ घण्टा ७ मिनेट) | नेपालगंज उप-महानगरपालिका वडा नं.२ घरबारी टोल पिपल चोतारा स्थित जीवन श्रेष्ठको घर भाडामा लिइ अकवर अलीले सचालन गर्दै आएको एजाम एण्ड सप्लायर्स कस्मेटिक पसलमा इलेक्टिक सट सर्किट भइ आगलागी हुंदा स्थानिय व्यक्तिबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट दुबै दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको । आगोलागीबाट उक्त पसलमा रहेका बिभिन्न कस्मेटिक सामानहरु जलेर क्षति हुनुको साथै घरमा समेत क्षती पुगेको । | | Y | | |

# पौष महिनामा आगलागीको बिबरण फारम

| सि. नं. | आगलागी भएको मिति | आगलागी सुचना प्राप्त समय | आगो निभाउन | | आगलागीको बिबरण (स्थान, कारण, किसिम) | अन्दाजी क्षति बिबरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रस्थान समय | लागेको समय | | धन | जिन्सी | चौपाया | |
| १ | २०८२।९।१ | राति २२:५० बजे | राति २२:५३ बजे | राति २३:४० सम्म (४७ मिनेट) | नेपाालगंज उप महानगर पालिका वडा नं. ६ रामनगर स्थित सोहनलाल यादबको घरमा विधुत लाइन सट भइआगलागी भएको खबर प्रहरीबाट प्राप्त हुना साथ दमकल सहित फायर फायटिङ्.ग टिम गई आगलागी नियन्त्रण गरेको । आगलागीबाट एऊटा कोठाका भएका केही सामानहरु जलेका । | | Y | | |
| २ | २०८२।९।६गते | राति ०४:१० बजे | राति ०४:१५ वजे | बिहान ०६:००सम्म (१घण्टा४५ मिनेट) | नेपालगंज उप-महानगरपालिका वडा नं.२३ लोहारनपुर स्थित कादरी पोल्टी फार्ममा राति बिधुतको तार सर्ट भई आगोलागी भएको खबर प्रहरीबाट प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी पुर्णरुपमा नियन्त्रण गरेर फर्केको । आगोलागीबाट खरको छाना र ईट्टाको पर्खाल भएको कच्ची पोल्टी फार्म भवन १ (एक) जलेर पुर्णरुपमा क्षति भएको । | | y | | |
| ३ | २०८२।९।२० गते | २:०० बजे | राति २:०५ बजे | बिहान ६:१५ सम्म (४ घण्टा १० मिनेट) | नेपालगंज उप-महानगरपालिका वडा नं.२ न्यूरोड बागेश्वरी मन्दिर गेटको उत्तर तर्फ रहेको यूवराज गिफ्ट इम्पोरियम पसलमा राति विद्युतको तार सर्ट भई आग लागि भएको खबर प्रहरीबाट प्राप्त बाट प्राप्त हुनासाथ यस वारुणयन्त्र ईकाईबाट दुवै दकमक सहित फायर फाईटिम गई लागलागी पुर्ण रुपमा नियन्त्रण गरेको फर्केको ।उक्त पसल तथा गोदाममा रहेको बिभिन्न गिफ्ट सामानहरु बच्चाका खेलौनाहरु सिसाका गिलास तथा कपसेटहरु जल्नुको साथै भवनमा समेत क्षति पुगेको । | | y | | |
| ४ | २०८२।९।२३ | दिउँसो १३:५० बजे | दिउँसो १३:५५ बजे | दिउँसो १५:२८ सम्म (१ घण्टा ३३ मिनेट) | नेपालगंज उप-महानगरपालिक ।वडा नं.१८ भुजई गाउँ स्थित ईन्दर बलि यादवले खेतमा थुपारी राखेको परालमा आगलागी हुदा प्रहरीबाट खबर प्राप्त हुनासथ दमकल सहित फायर फाईटिङ्ग टिम पुगी आगालगी नियन्त्रण गरेको । आगलागीबाट केही पराल जलि सामान्य क्षेती भएको । | | y | | |
| ५ | २०८२।९।२५ | बिहान ५:२५ बजे | बिहान ५:३० बजे | बिहान ७:२६ सम्म (१ घण्टा ५६ मि.) | जानकी गाऊँपालिका वडा नं.२ नेवाजी गाउँ स्थित भगवान दिन अहिरको गोठमा आगलागी हुदा स्थानिय व्यक्तिबाट खबर प्राप्त हुनासाथ यस वारुणयन्त्र ईकाईबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई लागलागी नियन्त्रण गरेर फर्केको । आगलागिबाट उक्त गोठमा बाधेर राखेका भैसी ५ गोटा र पाडा पाडी ४ गरि जम्मा ९ गोटा जलेर मरेको केही गहु र गोठ समेत पूर्ण रुपमा जलेर क्षती भएको । | | Y | | |

## (१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद:

क) कार्यालय प्रमुखको नाम : रामहरी शर्मा
पद : प्रमुख प्रशासकीय अधिकृत
इमेल ठेगाना : nepalgunjmun@gmail.com
सम्पर्क नम्बर : ९८५८०६६१११

ख) सूचना अधिकारीको नाम : लोकेन्द्र बहादुर शाही
पद : बरिष्ठ शिक्षा .अधिकृत
सम्पर्क नम्बर : ९८५१२४३४९१
इमेल ठेगाना : lokendailekh@gmail.com

## (११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूची:

नेपालगञ्ज उप महानगरपालिका सँग सम्बद्ध संघीय र प्रदेश कुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत कार्य लगाएत अन्य सूचीहरु यस कार्यालय नेपालगञ्ज उप-महानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा राखिएको छ ।

## (१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:

आ.व. २०८१।०८२ को श्रावण १ गतेदेखि २०८२ असार मसान्त सम्मको आर्थिक कारोवारको विवरण यसप्रकार रहेको छ :

आ.व. : २०८२/८३ अवधी : २०८२/०७/०१-२०८२/०९/३०

| आय | | | | |
|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
| संघीय सरकार | ९१३,०००,०००.०० | २०९,५००,०००.०० | २२.९५ | ७०३,५००,०००.०० |
| प्रदेश सरकार | ५७,०४२,०००.०० | ४,७७१,०००.०० | ८.३६ | ५२,२७१,०००.०० |
| राजस्व बाडफाड | ३४६,९३१,११४.०० | ४९,८८१,४५१.३० | १४.३८ | २९७,०४९,६६२.७० |
| अन्तरिक श्रोत | ५०८,४१५,३८१.७७ | ६४,८३१,७४०.८० | १२.७५ | ४४३,५८३,६४०.९७ |
| जनसहभागिता | २,५२०,०००.०० | ४९९,८१५.०० | १९.८२ | २,०२०,१८५.०० |
| जम्मा | १,८२७,९०८,४९५.७७ | ३२९,४८४,००७.१० | १८.०२ | १,४९८,४२४,४८८.६७ |

| व्यय | | | | |
|---|---|---|---|---|
| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
| चालु | १,२०२,२२३,४५०.५८ | २२९,०७९,५८६.९२ | १९.०५ | ९७३,१४३,८६३.६६ |
| पूंजीगत | ६१५,६८५,०४५.१९ | २३,५७४,५९७.४७ | ३.८३ | ५९२,११०,४४७.७२ |
| वित्तीय | १०,०००,०००.०० | - | - | १०,०००,०००.०० |
| जम्मा | १,८२७,९०८,४९५.७७ | २५२,६५४,१८४.३९ | १३.८२ | १,५७५,२५४,३११.३८ |

**(१३) तोकिए बमोजिमको अन्य विवरण:**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत नेपालगञ्ज उप-महानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा राखिएको छ । साथै जेन जी आन्दोलन पनि यस कार्यालयबाट प्रदान गरिनुपर्ने सेवाहरु अस्थायी प्रकृतिका पूर्वाधार संरचना समेत तयार गरी नियमित सेवा प्रभाव भईरहेको छ । त्यसैगरी यस सम्बन्धित विवरण मोवाईल एप, फेसवुक पेज लगायतको व्यवस्था समेत गरिएको छ ।

धन्यवाद ।